# महाराजगंज नगरपालिका

## कपिलवस्तुद्धारा प्रकाशित

---

# स्थानीय राजपत्र

---

खण्डः– १संख्याः– ५ मितिः– २०७४।१२।०१

---

## भाग :–१

## महाराजगंज नगरपालिका

### कपिलवस्तु, प्रदेश नं. ५

---

### महाराजगंज नगरपालिकाको आर्थिक ऐन :– २०७४

नगर सभाबाट पारित मितिः– २०७४।०४।२६

प्रमाणीकरण मितिः– २०७४।०४।२६

**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम महाराजगंज नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिम नियमावली सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**महाराजगन्ज नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यन्वयन गर्न बनेको आर्थिक ऐन, २०७४**

प्रस्तावना:

महाराजगन्ज नगरपालिकाको आर्थिक वर्ष २०७४ / ०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यन्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्न, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वान्छनीय भएकोले नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम महाराजगन्ज नगर सभाले यो ऐन बनाएको छ |

१. **संक्षिप्त नाम र प्रारम्भ:**
   (१)यस ऐनको नाम आर्थिक ऐन, २०७४ रहेको छ |
   (२)यो ऐन २०७४ साल भाद्र १ गतेदेखि महाराजगन्ज नगरपालिका क्षेत्रमा लागु हुनेछ|
२. **घरजग्गा कर:** नगरपालिका क्षेत्र भित्र अनुसूची (१) बमोजिम घरजग्गा कर लगाईने र असुल उपर गरिने छ |
३. **भूमि कर (मालपोत):** नगरपालिकाको क्षेत्र भित्र अनुसूची (२) बमोजिम भूमिकर (मालपोत) लगाईने र असुल उपर गरिने छ |
४. **घर जग्गा बहाल कर:** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर बहाल कर लगाईने र असूल गरिने छ
५. **व्यवसाय कर:** नगरपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवा वमोजिम व्यवसाय कर लगाईने र असूल उपर गरिने छ | त्यसरी व्यवसाय कर असूल गर्दा बैंक तथा वित्तिय संस्थाहरुको हकमा प्रत्येक कारोवार स्थलमा कारोवारको आधारमा अलग अलग इकाई मानी असूल उपर गरिने छ|
६. **जडिवुटी, कवाडी र जीवजन्तु कर:** नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड , सीप, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरे बापत अनुसूची (५) बमोजिमको कर लगाईने र असूल उपर गरिने छ |
७. **मनोरन्जन कर :** नगरपालिकाको क्षेत्र भित्र मनोरन्जन व्यवसाय सेवामा अनुसूची (६) बमोजिम मनोरन्जन कर लगाईने र असूल उपर गरिने छ | तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ |

८. **सेवा शुल्क, दस्तुर :** नगरपालिकाको निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची (७) मा उल्लेखित स्थानीय पुर्वाधार र उपलव्ध गराईएको सेवामा सेवाग्राही बाट सोहि अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असूल उपर गरिने छ |

९. **कर छुट:** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा  संस्थालाई कुनैपनि किसिमको कर छुट दिईने छैन |

१०.कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि: यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि नगर कार्यपालिकाले तोके अनुसार छ |

अनुसूची – १

## घरजग्गा करको दर

(दफा २ सँग सम्बन्धित)

| **क्र.स.** | **घर टहराको वर्गीकरण** | **छाना / तला अनुसारको वर्गीकरण** | **बार्षिक कर** | **कैफियत** |
|---|---|---|---|---|
| १ | कच्ची / ढुँगाको गाह्रो (काचो माटोले जडान गरेको) | खर, टायल, ढुँगा, वा जस्ताको छाना भएको एक तला | ३०|०० | |
| २ | पक्कि घर / सिमेन्ट जोडाई गाह्रोवाला | सिमेन्ट ढलान छाना भएको एक तला | १००|०० | |
| | | सिमेन्ट ढलान छाना भएको एक तला भन्दा बढी प्रत्येक तलाको लागि (जस्तोसुकै गाह्रो भएपनि) | २००|०० | |

अनुसूची – २

## भूमि कर (मालपोत) को कर

(दफा ३ सँग सम्बन्धित)

| जग्गाको प्रकार / मालपोत दर | अव्वल | दोयम | सीम | चाहार | खोरिया पाखा (पाचौं) |
|---|---|---|---|---|---|
| न्युनतम रु | ५० | ५० | ५० | ५० | ५० |
| प्रातिकट्टा | १० | १० | १० | १० | १० |

अनुसूची-३

## घरजग्गा वहाल करको दर

(दफा ४ सँग सम्बन्धित)

- जस्तोसुकै घर, भवन, पसल, ग्यारेज, गोदाम, टहरा, छाप्रो, जग्गा वा पोखरी वा पुरै वा आंशिक तवरले भाडामा दिएको भएतापनि कुल बहाल रकमको ५ प्रतिशत

अनुसुचि – ४

## व्यवसाय करको दर

(दफा ५ सँग सम्बन्धित)

| **क्र.स.** | **व्यवसायहरु** | **व्यवसायको आकार** | **करको दर (बार्षिक) रू.** | **कैफियत** |
|---|---|---|---|---|
| १ | ईटा उधोग | - | ३००००।०० | |
| २ | सुर्तीजन्य | डिलर | ५०००।०० | |
| ३ | मदिरा पसल | सानो | ३०००।०० | |
| | | मझौला | ७०००।०० | |

| | | | | |
|---|---|---|---|---|
| ४ | गहना पसल | | २०००।०० | |
| ५ | CD, DVD बिक्री पसल | | १५००।०० | |
| ६ | साईबर, मोवाईल, घडी पसल | | २५००।०० | |
| ७ | पुस्तक पसल | | १५००।०० | |
| ८ | पान पसल | | ५००।०० | |
| ९ | इलेक्ट्रिक थोक पसल | | ३०००।०० | |
| १० | फर्निचर / फर्निसिंग | | २५००।०० | |
| ११ | काठ चिरान | सानो | ३०००।०० | |
| | | ठुलो | ५०००।०० | |
| १२ | रेडिमेड लुगा पसल | | २०००।०० | |
| १३ | हार्डवेयर, भाडा पसल | | ३०००।०० | |
| १४ | बिधुत सामाग्री | | १५००।०० | |
| १५ | सवारी साधन पार्टस, अटोमोबाइल | | २५००।०० | |
| १६ | किराना, गिफ्ट , कस्मेटिक पसल | | १२००।०० | |
| १७ | रोडा , बालुवा | | २०००।०० | |
| १८ | पेट्रोल पम्प | | २०००।०० | |
| १९ | औषधी पसल, भेटेनरी | | १२००।०० | |
| २० | तरकारी, मासु , फलफुल पसल | | ५००।०० | |
| २१ | साईकल, रेक्सा मर्मत पसल | | ५००।०० | |
| २२ | दूध डेरी | | ५०००।०० | |
| २३ | विमा एजेन्ट | | ३००।०० | |
| २४ | आईसक्रिम उधोग | | २०००।०० | |
| २५ | पाउरोटि, बिस्कुट, चाउमिन उधोग | | १५००।०० | |
| २६ | घरेलु उधोग | | १०००।०० | |
| २७ | खाधान्न, सेलर, दलहन, तेलहन उधोग | | २५००।०० | |
| २८ | | | १०००।०० | |

| | | | | |
|---|---|---|---|---|
| २९ | फाटो स्टुडियो | | १०००।०० | |
| ३० | सामान्य खाजा घर | | १०००।०० | |
| ३१ | मसला पसल, खाधान्न डिलर | | १०००।०० | |
| ३२ | मर्मत पसल | | ५००।०० | |
| ३३ | बाणिज्य बैंकको शाखा कर्यालय | | २००००।०० | |
| ३४ | विकास बैंक | | १००००।०० | |
| ३५ | शहकारी शाखा | | १५००।०० | |
| ३६ | निजि क्याम्पस | | १००००।०० | |
| ३७ | निजि विधालय आधारभूत | | ५०००।०० | |
| ३८ | निजि विधालय मा.वि. | | १००००।०० | |
| ३९ | पेनटिंग, साईनबोर्ड | | ५००।०० | |
| ४० | केवल नेटवर्क | | ५०००।०० | |
| | | ईजाजत प्राप्त मुख्य कारोबारको लागि माथि तोकिए बमोजिम हुने र थप प्रत्येक कारोवारका लागि माथि तोकिएको न्युनतम दरको ५०% का दरले बढ्दै जाने | | |

अनुसुचि – ५

## जडिबुटी, कवाडी र जीवजन्तु करको दर

(दफा ६ सँग सम्बन्धित)

| **क्र.स.** | **मालसामान** | **प्रति ईकाई** | **दर (रु)** | **कैफियत** |
|---|---|---|---|---|
| १ | कवाडी समान | के.जी. | १।०० | |

अनुसुचि – ६

# मनोरन्जन करको दर

(दफा ७ सँग सम्बन्धित)

| **क्र.स.** | **मनोरन्जन सम्बन्धी मध्यम** | **पटके दर** | **कैफियत** |
|---|---|---|---|
| १ | पटके भिडियो देखाउने हकमा | ५००\|०० | प्रति शो |
| २ | व्यवसायिक भिडियो | | |
| ३ | सांस्कृतिक कार्यक्रम | ५००\|०० | प्रति कार्यक्रम |
| ४ | फिल्म (ठुलो पर्दा) | ५०००\|०० | |
| ५ | फिल्म | २००० \|०० | |
| ६ | गीतको भिडियो | १०००\|०० | |

अनुसुचि – ७

# विभिन्न सेवामा लाग्ने शुल्क तथा दस्तुर दर

(दफा ८ सँग सम्बन्धित)

| क्र.स. | सेवाको प्रकार | दर रु. | कैफियत |
|---|---|---|---|
| १ | नागरिकता सिफारिस | ७५।०० | |
| २ | सिफारिस दस्तुर साधारण | १००।०० | |
| ३ | दर्ता नविकरण | ५००।०० | |
| ४ | घर नक्शापास | | कार्यालयको निर्णय अनुसार |
| ५ | घरबाटो / चारकिल्ला प्रमाणित | ३००।०० | |
| ६ | धितो मुल्यांकन / सम्पत्ति मुल्यांकन | प्रतिलाख १००।०० | |
| ७ | आर्थिक सहायता, छात्रवृत्ति सिफारिस | निशुल्क | |
| ८ | मिलापत्र | ५००।०० | दुबै पक्षबाट |
| ९ | नाता प्रमाणित | १५०।०० | |
| १० | नामसारी | ५००।०० | |
| ११ | सर्जमिन | ५००।०० | |
| १२ | निवेदन दस्तुर | १०।०० | |
| १३ | पंजीकरण प्रतिलिपि | ३००।०० | |
| १४ | रुख कटान सिफारिस | ३००।०० | |
| १५ | प्रतिलिपि उतार | ५।०० | प्रति बोट |
| १६ | घटना दर्ता जरिवाना | ५०।०० | प्रति पेज |

प्रमाणीकरण मितिः– २०७४।०४।२६

अब्दुल कलाम
नगर प्रमुख